सिम्रौनगढको पहिलो राष्ट्रिय दैनिक
# शुभम सन्देश
Shubham Sandesh
National DAILY दैनिक

वर्षः ५ अंक १३७ २०८० साल, माघ १५ गते सोमबार Monday 29 Jan, 2024 मूल्य रु. ५/- पृष्ठ : ४

## लागुऔषध ब्राउन सुगरसहित एकजना पक्राउ



***शुभम सन्देश,***
***बारा, १४ माघ***

शुभम सन्देश बाराको महागढीमाई नगरपालिका वडा नं. १ गढीमाई मन्दिर नजिकबाट लागुऔषध ब्राउन सुगरसहित एकजनालाई प्रहरीले पक्राउ गरेको छ । पक्राउ पर्नेमा बाराको सुवर्ण गाउँपालिका वडा नं. ७ सनफुलुवा बस्ने ४१ वर्षीय उमेश कुमार यादव रहेका प्रहरी प्रहरीले जनाएको छ। बारा प्रहरीलो गोप्ये विशेष सूचनाको आधारमा प्रहरी चौकी बरियारपुर बाट खटिएको प्रहरी नायब निरिक्षकको टोलीले लागुऔषध सहित एकजनालार्य पक्राउ गरेको जनाएको छ। बरियारपुरबाट सिमरा तर्फ जादैं गरेको बा ९४ प ६११४ नम्बरको मोटरसाइकलमा सवार यादवको साथबाट ब्राउन सुगर एकसय २ ग्राम फेला पारेको प्रहरीले जनाए ।मोटरसाइकलसहित पक्राउपरेका यादवलाई नियन्त्रणमा लिएर आवश्यक कारवाहीका भइरहेको जिल्ला प्रहरी कार्यालय बाराको प्रहरी प्रवक्ता प्रहरी नायब उपरिक्षक दधिराम न्यौपानेले जनाए ।

## वीरगंजमा प्रेस सेन्टर नेपालको केन्द्रीय समितिको बैठक लाई सोमबार प्रधानमन्त्रीले सम्बोधन गर्ने




वीरगञ्ज - प्रेस सेन्टर नेपालको केन्द्रीय समितिको बैठक वीरगञ्जमा सुरु भएको छ। २० औं स्थापना दिवसको तयारीका सम्बन्धमा वीरगञ्जमा आइतवारदेखि केन्द्रीय बैठक सुरु भएको छ। आज १४ गते बिहान ९ बजे बसेको केन्द्रीय पदाधिकारीहरुको बैठकले केन्द्रीय समितिको बैठकमा राख्ने एजेण्डा तय गरी सकेको प्रेस सेन्टर नेपालका केन्द्रीय उपाध्यक्ष एवं मधेस प्रदेश ईन्चार्ज गोबिन्द देवकोटाले जानकारी दिए ।

कार्यक्रममा देशभरिबाट ५ सय जना प्रेस सेन्टरका प्रतिनिधिहरुको सहभागिता रहने र कार्यक्रमको अन्तिम दिन माघ १५ गते सोमबार

**बाँकी तेस्रो पृष्ठमा........**

## इच्छ्या होटलको क्यासिनो सञ्चालनमा, करोडौ राजस्व बुझाउन आलटाल




सिमरा ,

बाराको सिमरामा सञ्चालित जिल्लाको एकमात्रै ५ तारे होटल 'होटल इच्छ्या' भित्र सञ्चालनमा रहेको क्यासिनोले संघीय सरकार र स्थानिय तहलाई बुझाउनुपर्ने करोडौ राजस्व समेत नतिरेको भेटिएको छ ।

इच्छ्या होटलभित्र सञ्चालनमा रहेको स्माइल कलेक्सन प्रालिको नाममा सञ्चालनमा रहेको क्यासिनोले 'रयल्टी इजाजत नवीकरण दस्तुर' बापत पर्यटन विभागलाई बुझाउनुपर्ने कर, आन्तरिक राजस्व कार्यलयलाई बुझाउनुपर्ने आयकर र अग्रिम कर का साथै स्थानिय तहलाई बुझाउनुपर्ने सम्पति कर र मनोरञ्जन कर हालसम्म नबुझाएको भेटिएको छ ।काठमाण्डौ-२६ का सन्जोग विक्रम कुँवरको नाममा दर्ता रहेको स्माइल कलेक्सन प्रा.लि नामक क्यासिनो इच्छ्या होटलका सञ्चालक ईच्छ्याबहादुर वाग्ले स्वयम् हुन् । सो क्यासिनो होटल इच्छ्या भित्र २०७४ माघ १४ गतेदेखि क्यासिनो सञ्चालनमा छ ।

पुष ५ गते पर्यटन विभागले होटल तथा क्यासिनो प्रशासनलाई पत्राचार गरेर 'क्यासिनो रोयल्टी तथा इजाजत नवीकरण दस्तुर' जम्मा गर्न निर्देशन दिएको थियो । 'यस विभागमा निवेदन दिएकोमा नेपाल सरकार संस्कृति, पर्यटन तथा नागरिक उड्यान मन्त्रालय (मन्त्रिपरिषद्बाट) २०८० असोज २६ गते इजाजत नविकरण गरिदिने निर्णय भएकाले क्यासिनो रोयल्टी वापत आर्थिक ऐन २०८० को दफा १६ ले तोके बमोजिमको रकम र क्यासिनो सञ्चालन इजाजत नवीरकणको लागि क्यासिनो नियमावली २०७० को नियम १३ (४) बमोजिम इजाजतपत्र नविकरण नगर्दै यस विभागको नाममा रहेको एभरेष्ट बैंक लिमिटेडको राजस्व शिर्षकमा १४१५२ मा रकम दाखिला गर्नुहुन आदेश अनुसार अनुरोध छ' पर्यटन विभागले क्यासिनो प्रशासनलाई पठाएको पत्रमा उल्लेख छ ।

तर क्यासिनो प्रशासनले भने रोयल्टी बापतको सो रकम बुझाएको छैन् भने जीतपुर सिमरा उपमहानगरलाई करिव २ करोड मनोरञ्जन कर र ४५ लाख ५८ हजार २९६ सम्पति कर बुझाउन बाँकी रहेको उपमहानगर राजस्व शाखा प्रमुख रमेश सुवेदीले बताएका छन् । 'उहाँहरुले क्यसिनो सुरु भएदेखि हालसम्म एक रुपैयाँ सम्पति कर र मनोरञ्जन कर बुझाउनु भएको छैन' राजस्व शाखा प्रमुख सुवेदीले भने 'कर बुझाउन जति ढिलो गर्नुहुन्छ त्यति नै जरिवाना थपिदै जान्छ ।'

साथै आन्तरिक राजस्व कार्यलय बालाजुको प्यान नं ६०६८९६२१४ अनुसार क्यासिनोले चालु आर्थिक वर्षको असोज मसान्तसम्म कुनै आर्थिक कारोवारको विवरण नबुझाएको र हालसम्मको आयकर र अग्रिमकर समेत नतिरेको भेटिएको हो । बिशेष गरी अग्रिम कर क्यासिनो खेलाउदा खेल जित्नेले जितेको रकमको २५ प्रतिशत क्यासिनो सञ्चालकलाई बुझाउनु पर्दछ । सो रकमलाई आकस्मिक लाभकर पनि भनिन्छ । क्यासिनो सञ्चालकले प्रत्येक महिनाको २५ गते भित्र अग्रिम कर आन्तरिक राजस्व कार्यलयमा बुझाउनुपर्ने व्यवस्था छ । संघीय सरकारलाई बुझाउनुपर्ने रोयल्टी वापतको रकम इजाजतपत्र प्राप्त व्यक्ती वा संस्थाले पुष मसान्तभित्र ४० प्रतिशत, चैत मसान्तभित्र ७० प्रतिशत र बाँकी रकम नेपाल सरकारको संस्कृति, पर्यटन तथा नागरिक उड्यन मन्त्रालयमा दाखिला गनुपर्ने कानुनी व्यवस्था छ। क्यासिनो सञ्चालन सम्वन्धमा २०८० असार ३१ गते संस्कृत तथा पर्यटन मन्त्रालयले राजपत्रमा प्रकाशित गरेको सूचनामा नेपालमा रहेका क्यासिनोले सञ्चालन गर्न इजाजतपत्र प्राप्त व्यक्ती वा संस्थाले क्यासिनो सञ्चालन गरेवापत वार्षिक ५ करोड रुपैयाँ र आधुनिक मेसिन वा उपकरणको माध्यमबाट खेलाइने खेलको लागि वार्षिक १ करोड ५० लाख रोयल्टी तिनुपर्ने कानुनमा उल्लेख छ ।

ईच्छ्या वाग्लेद्धारा सञ्चालन गरिएको स्माइल कलेक्सन प्रा.लिले क्यासिनोले मेसिन प्रयोगको अनुमती लिएर नगरी अनधिकृत रुपमा मान्छेको प्रयोग गरेर खेल खेलाउने गरेको जनाइएको छ ।क्यासिनोले रोलेट, किट्टी, फलास, बखरा लगायतका खेल खेलाउने गर्दछ । जस्मा गैह्रकानुनी रुपमा ठुलो राजस्व छलि समेत भएको श्रोतले जनाएको छ । क्यासिनोमा व्यक्तीले खेला खेलाएर कागजपत्रमा मेसिन भनि उल्लेख गर्दा संघीय सरकारको रोयल्टी मात्रै ३ करोड ५० लाख छलि हुन्छ ।

इच्छ्या होटलका सञ्चालक इच्छ्याबहादुर वाग्लेले क्यासिनो सञ्चालन गरेवापत मात्रै आफुले संघीय सरकारलाई रयल्टी स्वरुप वार्षिक ३ करोड राजस्व बुझाउने गरेको बताउछन् । 'मेरो आफन्तीको नाममा दर्ता भएपनि क्यासिनोको सञ्चालक म आफै हु, ५ तारे होटल अर्न्तगतको क्यासिनो भएकोले सबै कारोवार ठुला कर दाता कार्यलय अर्न्तगत हुन्छ मैले वार्षिक संघीय सरकारलाई ३ करोड राजस्व बुझाउछु, दर्ता नविकरण सबै संघ अर्न्तगत हुन्छ, स्थानिय तहमा हामीले यस्तो/उस्तो कुनै कर बुझाउनु पर्दैन' वाग्लले रातोपाटीसँगको कुराकानीमा भने 'क्यासिनो भित्र कहिले काँही फलास खेल्छन् तर, मान्छेबाट खेलाउ कि यन्त्रबाट यो नीतिगत कुरा पर्यटन महाशाखा बाहेक अरुलाई मतलव नभएको कुरा हो ।'

वाग्लले क्यासिनोमा १५ करोडबाट २५ करोड लगानी गरेर स्तरोन्नती गरेको बताए । उनले स्थानिय तह अर्न्तगत पर्ने कुनैपनि कर तिनु नपर्ने दावी गरेका छन् । क्यासिनोमा भारतिय नागरिक मात्रै आउने गरेको वाग्लेको दावी छ । 'स्थानिय गुण्डाहरुले मेरो क्यासिनोमा निशुल्क रक्सी खान नपाएको रिस बाहिर पोख्दै हिडेका हुन् अरु केही होईन' वाग्लले भने ।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगले स्माइल कलेक्सन प्रालि.ले जीतपुर सिमरा उपमहानगरलाई बुझाउन पर्ने मनोरञ्जन कर वापतको रकम के कति बुझाएको छ १५ दिन भित्र विवरण पठाउन

**बाँकी तेस्रो पृष्ठमा........**

प्रकाशक : रामबाबु प्रसाद मेहता
प्रधान सम्पादक : अजय कुमार
सम्पादक : सरोज कुमार सिंह
सह सम्पादक : सरिता चौधरी
समाचार सम्पादक: तिवारी यादव
प्रबन्धक : मुकेश कुमार महतो
कानुनी सल्लाहकार: परमहंस केशरी
कम्प्यूटर लेआउट : म. फरिद
मुद्रक : बारा प्रिन्टीङ्ग प्रेस
कलैया उमनपा-४, बारा
ईमेल : subhamsandeshdaily@gmail.com
सम्पर्क नम्बर : ९८४५२१७३२९,९८५५०४५५५२, ०५३५५१४९७
प्रधान कार्यालय : सिम्रौनगढ नपा ६, बारा
सम्पर्क कार्यालय : कलैया उमनपा १ (मोतिवाग), बारा

भुकम्पबाट बच्ने उपायहरू...............

-घर ,पुल तथा अन्य संरचना बनाउदा भुकम्प प्रतिरोधी बनाऔ ।
-घर वरिपरी तथा सार्वजनिक स्थललाई खुल्ला राखौ ।
-भुकम्प गएमा खुल्ला र सुरक्षित स्थानमा जाऔ ।

परवानीपुर गाउँपालिकाको
कार्यालय बारा

# 'महा विभ्रम' को दुश्चक्र र 'जेपी आन्दोलन' को स्मरण

*चिनियाँ सत्तामा माओत्से तुङले आफ्नै विरोधी र 'बुर्जुवा वर्गको हेड क्वाटर' देङ सियाओ पिङलाई किन पुनर्स्थापित गरेर मरे ? राजनीतिक इतिहासको जटिलतालाई अध्ययन गर्न यो निकै प्रखर घटना हो ।*

कुनै राष्ट्र, समाज वा समुदाय कुनै खास कालखण्डमा किन र कसरी 'महा विभ्रम' को शिकार हुन्छ, त्यसो हुनका लागि परिबन्दले कस्ता 'ऐतिहासिक सञ्चिति' थुप्रिंदै जान्छ र त्यसको मूल्य राष्ट्र, समाज वा समुदायले कसरी र कतिसम्म चुकाउनुपर्दछ भन्ने बारे संसारमा धेरै लेखिएका होलान् तर राल्फ नोर्मन एङ्जेलको 'द ग्रेट इलुजन' र डा. महाथिर मोहम्मदको 'द मले डिलेमा' काफी छन् ।

यी दुई किताबको कालखण्ड र सन्दर्भ फरक छ। 'द ग्रेट इलुजन' पहिलो विश्वयुद्धको पृष्ठभूमिमा, सन् १९०९ मा लेखिएको थियो। त्यतिखेर विश्वका मुख्य संघर्षरत शक्तिकेन्द्रका दुवै खेमा युरोपभित्र थिए। भविष्यका 'धुरी राष्ट्र' र 'मित्र राष्ट्र' हरू बीचको सम्बन्ध दिन प्रतिदिन तिक्ततापूर्ण हुँदै गएको थियो । तर, इतिहासले 'पहिलो विश्वयुद्ध' भनेर अभिलेखित गर्ने एक भीषण युद्ध हुन्छ कि हुँदैन भन्ने प्रष्ट थिएन ।

युद्ध हुने चर्चा थियो, तनाव चर्को थियो तर युद्ध हुनुपर्छ कि पर्दैन ? युद्ध भए के हुन्छ, नभए के हुन्छ ? युद्ध रोक्नु राम्रो हो कि गर्नु राम्रो हो ? युद्ध रोक्नुका परिणाम के हुन् ? युद्ध गर्दा चुकाउनुपर्ने मूल्य के हुन् ? स्वयं युरोपेली राष्ट्रहरू आफैं भ्रमित थिए । राष्ट्रका निर्णायक नेताहरू कुनै निष्कर्षमा पुग्न सकिरहेका थिएनन् ।

निःसन्देह यो आफैंमा एक ठूलो भ्रम थियो। यही महा विभ्रमलाई नोर्मनले 'द ग्रेट इलुजन' को संज्ञा दिएका थिए ।

'द मले डिलेमा' को उद्देश्य भने मले समुदाय र मलेसिया राष्ट्रको भ्रम, अन्योल र अलमलका कारण खोतल्नु थियो । सन् १९७० मा यो किताब प्रकाशित हुँदा यसका लेखक डा. महाथिर मोहम्मद अनेक प्रश्न, आशंका र अविश्वासले घेरिएका थिए । उनको राजनीतिक करिअरको आकाशमा बाक्लो कालो आशंकाको बादल लागेको थियो । त्यसको एक दशकपछि उनी मलेसियाको प्रधानमन्त्री भए, निरन्तर २२ वर्ष। सन् २०१८ मा दोस्रो कार्यकालमा थप दुई वर्ष गरी जम्मा २४ वर्ष ।

भलै कि प्रारम्भमा धेरैले प्रशंसा गरे जस्तो मलेसिया उच्च आय भएको देश र 'प्रथम विश्व' मा उस्किन भने सकेन । तर, महाथिरले मले समुदाय र मलेसिया राष्ट्रका जुन द्विविधा पहिचान गरेका र त्यसलाई चिर्न खोजेका थिए, त्यसले त्यो समाजलाई अल्पविकसित राष्ट्रबाट मध्यम आयस्तरको पासो (मिडिल इनकम ट्र्याप) सम्म भने ल्यायो । डा. महाथिर मोहम्मदको २२ वर्षे पहिलो कालखण्डलाई संसारमा धेरैले अझै एक सफल घटना-अध्ययन मान्दछन् ।

यी दुवै दृष्टान्त यसकारण चर्चा गरिएको हो कि कुनै समाज, समुदाय वा राष्ट्र एकसाथ महा विभ्रमको शिकार भएको देश आजको नेपाल मात्र हैन । यस्ता कालखण्ड अरू देशको इतिहासमा पनि आएका थिए । अहिले हामीले सामना गरिरहेको भन्दा अझ कठिन र भीषण विभ्रम क्रियाशील थिए ।

छिमेकी देशहरूको कुरा गर्दा भारतमा सन् १९४० को दशकसम्म यो भ्रम थियो कि भारत 'ब्रिटिश शासन' बाट मुक्त हुनु राम्रो हो कि 'अर्ध-उपनिवेश' मा बस्न उचित हो। कतिपय भारतीय बौद्धिक र कंग्रेस नेताहरूले नै यस्तो तर्क गर्थे कि भारतीयहरू आफ्नो शासन आफैं गर्न योग्य भइसकेका छैनन् । भारतीयहरूमा ब्रिटिशको जस्तो प्रविधि, युद्धकौशल, आधुनिक अर्थतन्त्रको ज्ञान र सञ्चालन क्षमता, प्रशासनिक तथा व्यवस्थापकीय सीप छैन, भारतीयहरूले शासन गरेको भारत ब्रिटिशले शासन गरेको भारत भन्दा झनै कमजोर हुन सक्दछ। तसर्थ 'अर्ध-उपनिवेश' को बाटो ठीक छ ।

'नागरिक पहिलो' को अवधारणामा आधारित भएर, नागरिक हित र कल्याणलाई केन्द्रमा राखेर सबै अवधारणा, प्रावधान, मान्यता र अभ्यासको पूर्वाग्रहरहित विज्ञान र विवेकसम्मत पुनरावलोकन आवश्यक छ। अन्यथा यो राष्ट्रिय अन्योल र द्विविधा अझै कति लामो जान्छ यसै भन्न सकिंदैन ।

यो आफैंमा एक 'द ग्रेट इलुजन' थियो, जसलाई सन् १९४२ को 'भारत छोडो आन्दोलन' ले समाप्त पारि दियो। महात्मा गान्धी नेतृत्वको यो आन्दोलनले त्यस्तो महा विभ्रमलाई अन्त्य गर्दै भारतीय आत्मविश्वासलाई नयाँ उचाइमा उठायो । स्वतन्त्रता र एक नयाँ राष्ट्र सम्भव छ भन्ने सिद्ध गऱ्यो । भारतीय समाजमा दोस्रो महा विभ्रम सन् १९७० को दशकमा आयो । इन्दिरा गान्धीको अतीत मोह र आपतकाल घोषणा मार्फत। सँगसँगै 'जेपी आन्दोलन' पनि आयो। हरेक महा विभ्रम सँगसँगै एक नयाँ आन्दोलन र मोड आउनुपर्छ। 'जेपी आन्दोलन' ले यो सिद्ध गर्दियो कि 'गैरकंग्रेसी सरकार' सम्भव छ। भारतको लोकतान्त्रिक भविष्यमाथि कंग्रेसको एकाधिकार हुन सक्दैन ।

राजनीतिक र आर्थिक सुधार गर्ने कि नेहरू-इन्दिराकालीन 'परम्परागत समाजवाद' को अर्थनीतिमै चल्ने ? भारतीय समाजको यो द्विविधा सानो थिएन। स्वयं कंग्रेस नेता पीभी नरसिंह राव र डा. मनमोहन सिंहले आर्थिक सुधारको बाटो समाते । राजीव गान्धीले स्थानीय निकायको सबलीकरणका लागि संविधान संशोधन र प्रमुख निर्वाचन आयुक्त टि.एन. शेषनले निर्वाचनको निष्पक्षता र विश्वसनीयताका लागि साहसिक सुधारको आँट गरे । मोदीकालका पछिल्ला 'सुधारहरू' यही सुधार शृंखलाका पछिल्ला कडी हुन् ।

यी महा विभ्रमबाट ननिस्किएको भए भारत आजको भारत, संसारको पाँचौं ठूलो अर्थतन्त्र, जी-२० को अध्यक्षता गर्ने भारत, डिजिटलाइज्ड, प्रविधि र प्रतिभा पर्याप्त र 'लुनर पावर' भारत हुने थिएन ।

सन् १९७० को दशकमा चीनको 'महा विभ्रम' यस्तै थियो। माओका दुई-दुई वटा कदम 'महान् अग्रगामी छलाङ' र 'महान् सर्वहारा सांस्कृतिक क्रान्ति' असफल सिद्ध भएका थिए। माओ बुढ्यौलीले शिथिल थिए। 'तेस्रो निरन्तर क्रान्ति' गर्ने ताकत उनमा बाँकी थिएन। उनका सामु दुई वटा विकल्प थिए, जो 'महा विभ्रम' भन्न योग्य थियो। 'ग्याङ अफ फोर' लाई सत्ता सुम्पिएर 'माओवादी नीति' कायम राख्ने कि 'सुधारवादी' हरूका लागि बाटो खोल्दिने ? यी दुई विकल्प बीच एक रोज्नु माओका लागि निकै कठोर काम थियो ।

अन्ततः उनले सुधारवादीहरूका लागि बाटो खोल्दिए, जसको कारण 'ग्याङ अफ फोर' को दुर्दान्त पतन भयो । यसभित्र उनकी प्रिय पत्नी चियाङ चिङ समेत थिइन्, जो यो दुर्भाग्यको शिकार भइन्। श्रीमतीले आफ्नै पतिले बाटो खोल्दिएका सुधारवादीहरूको शासनकालमा जेलमा आत्महत्या गर्नु पऱ्यो । महा विभ्रमबाट मुक्त हुनका लागि चुकाउनुपर्ने यो भन्दा ठूलो मूल्य कुनै राजनीतिज्ञको व्यक्तिगत जीवनमा अरू के हुन्थ्यो होला ? तर , जतिसुकै कठोर मूल्य चुकाएर किन नहोस्, राष्ट्रलाई महा विभ्रमको दुश्चक्रबाट बाहिर निकाल्न त अपरिहार्य हुने रै'छ ।

चिनियाँ सत्तामा माओत्से तुङले आफ्नै विरोधी र 'बुर्जुवा वर्गको हेड क्वाटर' देङ सियाओ पिङलाई किन पुनर्स्थापित गरेर मरे ? राजनीतिक इतिहासको जटिलतालाई अध्ययन गर्न यो निकै प्रखर घटना हो । त्यसको परिणाम भने पछि देखियो जब देङले तीव्र गतिमा राजनीतिक तथा आर्थिक सुधार सुरु गरे । संभवतः जीवनको उत्तरार्धमा माओलाई त्यस्तै कुनै 'महा विभ्रम' को अनुभूति भएको थियो र उनी त्यसबाट राष्ट्रलाई बाहिर निकाल्न चाहन्थे ।

ठीक यस्तै महा विभ्रम अहिले संसारका धेरै देशमा छन् । स्वयं अमेरिकामा छ । अमेरिकामा ट्रम्प र ट्रम्प विरोधी ध्रुवीकरण खासमा 'भूमण्डलीकरण' र 'विभूमण्डलीकरण', राष्ट्रवाद र उदारवाद, 'बहुपक्षीयता' र 'बहुध्रुवीयता' बीचको महा विभ्रम हो, जसको निष्कर्ष अझै राम्ररी निस्किएको छैन ।

नेपालमा नयाँ संविधान-२०७२ पछि देशले एक निश्चित गति र दिशा समात्ने अपेक्षा धेरैको थियो । यद्यपि यसप्रति अविश्वास गर्नेहरू थुप्रै थिए। संविधान जारी हुँदा दीपावली गर्ने र नगर्ने बीचको ध्रुवीकरणको आकार झण्डै उत्रै थियो ।

संविधान निर्माण प्रक्रियामै समस्या देखा पर्न थाल्नु, संविधानको स्वीकार्यता कमजोर हुनु, त्यस सँगसँगै मधेश आन्दोलन र भारतीय नाकाबन्दी जोडिएर आउनु, शासकीय स्वरूप, निर्वाचन प्रणाली र प्रदेशको सीमांकन नामांकन सम्बन्धी प्रश्न पेचिलो हुनु, वित्तीय तथा प्रादेशिक संघीयता नहुनु, समावेशिता र सामाजिक न्यायको आकांक्षा ठोस र मूर्त नहुनु, आर्थिक, वित्तीय तथा बजेटरी संकट चरमोत्कर्षमा पुग्नु, युवा श्रमशक्तिको अस्वाभाविक विदेश पलायन हुनु, राजनीतिमा अवसरवादको पराकाष्ठा देखिनु, पुराना दल र नेताप्रतिको जनविश्वास कमजोर हुँदै जानु तर भरपर्दो नयाँको विकास हुन नसक्नु, पश्चगामी तत्वहरूले दबाब बढाउँदै गएको अनुभूति हुनुले नयाँ संविधान र त्यस अन्तर्गतका दुई-दुई वटा चुनावपछि पनि देश एक 'नयाँ महा विभ्रम' सामु खडा भएको स्पष्ट हुन्छ ।

महा विभ्रमको अवधि जति लामो हुनेछ, त्यसले पुऱ्याउने क्षति त्यति नै धेरै हुनेछ। यसबाट मुक्त हुन चुक्ता गर्नुपर्ने मूल्य त्यति नै महँगो हुनेछ। जब हाम्रा आँखा खुल्ने छन् तब लाग्ने छ कि राष्ट्रिय जीवनको एक लामो कालखण्ड खेर गएछ। भविष्यमा त्यस्तो पछुतोलाई स्थान नदिने हो भने आजैबाट सबैले आँखा खोलौं । एक नयाँ राष्ट्रिय जागरण र नागरिक आन्दोलनका लागि आ-आफ्नो ठाउँबाट तयार होऔं

यो 'नयाँ महा विभ्रम' को दुश्चक्र तोड्ने कि कायमै राख्ने ? तोड्नुपर्छ, तर तोड्ने कसले ?

भनिरहनु पर्दैन- यतिखेर सबै राजनीतिक शक्तिको तेजोबध र क्षयीकरण तीव्र छ । २०७४ को वामपन्थी गठबन्धन र नेकपा (नेकपा) कालीन अभ्यासको असफलतापछि कम्युनिस्ट शक्ति अविश्वसनीय र छरपष्ट भएको छ । दर्जनौं गुटमा विभाजित कम्युनिस्ट धारको एकीकरण र राष्ट्रनिर्माण गर्न योग्य शक्ति विन्यास असम्भव देखिएको छ ।

ठीक थियो, बेठीक थियो, आफ्नो ठाउँमा थियो तर कम्युनिस्ट एकताको आकांक्षा वामपन्थी जनमतमा बलियो थियो। कुनै दिन कम्युनिस्ट एकता हुन्छ, विशालकाय पार्टी र प्रचण्ड बहुमतको बलियो सरकार बन्छ, त्यसपछि त कुनै न कुनै चमत्कार कसो नहोला भनेर दशकौंदेखि प्रतीक्षारत वामपन्थी मतदाता बिल्कुलै निराश भएका छन् ।

एक त फेरि कम्युनिस्ट एकता आफैंमा अपत्यारिलो छ, भइहाले पनि हिजोको जस्तो जनाकर्षण पैदा हुने नैतिक आधार बाँकी छैन। न त कुनै एक कम्युनिस्ट गुटको चामत्कारिक उदय भएर देशको नेतृत्व गर्न सक्ने सम्भावना नै बाँकी छ। सबैभन्दा ठूलो गुट एमालेकै जनमत दिनप्रतिदन खस्कँदो छ, अरूको चर्चै गर्नु परेन। माओवादी, एकीकृत समाजवादी जस्ता कम्युनिस्ट समूहहरू अस्तित्व संकटको सामना गर्दैछन् ।

कांग्रेस इतिहासमै सर्वाधिक कमजोर भएको छ। यहाँसम्म कि स्वयं यसका सभापति आफैं यो स्वीकार गर्छन् कि पार्टीसँग अब एक्लै चुनाव लड्ने ताकतसम्म बाँकी छैन । गठबन्धन र भागबन्डाको राजनीति दशकौं जान सक्दछ भन्ने उनको बुझाइ छ। कांग्रेस आफैंले एकल बहुमत ल्याउने आकांक्षा राख्दैन भने 'मधौरुलाई माड' पिलाइबस्ने फुर्सद कसलाई छ ?

मानौं कि नेपाली कांग्रेसका लागि एकल बहुमतको सम्भावना यसका सभापति शेरबहादुर देउवाले बारम्बार स्वीकार र पैरवी गरे जस्तै सधैंका लागि समाप्त भएको हो भने पनि कांग्रेससँग दीर्घकालीन गठबन्धन बनाउनका लागि भरपर्दा लोकतान्त्रिक दल उपलब्ध छैनन् । दीर्घकालीन गठबन्धनको पनि कुनै वैचारिक आधार र नैतिक सीमा हुन आवश्यक हुन्छ, जो छैन ।

माओवादी लगायत कम्युनिस्ट र मधेश-केन्द्रित दलहरूसँगको गठबन्धन दीर्घकालमा कांग्रेसकै लागि

**बाँकी तेस्रो पृष्ठमा........**

सिम्रौनगढको पहिलो राष्ट्रिय दैनिक
Shubham Sandesh शुभम सन्देश
National



## ‘महा विभ्रम’ को दुश्चक्र............

आत्मघाती सिद्ध हुन सक्दछ । कम्युनिस्टहरूसँग दीर्घकालीन निर्वाचन गठबन्धन र सत्ता साझेदारी गर्ने कांग्रेस स्वयं कांग्रेसका समर्थक र मतदातालाई नै चाहिएको छैन । त्यस्तो अवस्थामा यो जनमतले नयाँ लोकतान्त्रिक विकल्प खोज्ने निश्चित छ । खोज्न थालिसकेको छ ।

कांग्रेसप्रतिको आकर्षण यति धेरै कमजोर हुनुको मुख्य ५ कारण छन् ।

एक- २०४६ पछि कांग्रेसले लिएको आर्थिक नीतिका सह-उत्पादनको सञ्चितिकरणले कतै आजको आर्थिक संकट, अराजकता र अस्वाभाविक विदेश पलायनको अवस्था आएको त हैन भन्ने जनआशंका ।

दोस्रो- कांग्रेस आफ्नो वैचारिक तथा ऐतिहासिक विरासतका लागि एक्लै उभिने आँट त गर्दैन भने यसलाई किन साथ दिने भन्ने लोकतान्त्रिक जनमतको भावना ।

तीन- नयाँ पुस्ताका मतदाताका लागि बिल्कुलै अनाकर्षक मूल नेतृत्व, जसमा कुनै प्रकारको अपिलिङ क्षमता नै छैन ।

चार- सधैंको गुटबन्दी, किचलो र भागबन्डाको राजनीतिले ग्रस्त पार्टी संगठन ।

र, पाँच- कुशासन र भ्रष्टाचारका घटनामा कांग्रेस पंक्तिको उस्तै संलग्नता । सुशासनप्रतिको कमजोर प्रतिबद्धता र अभ्यास ।

मधेश-केन्द्रित दलहरूको चर्चा त्यति धेरै किन आवश्यक छैन भने उनीहरूले राष्ट्रिय नेतृत्वको आकांक्षा नै राखिरहेका छैनन् । मधेश राजनीति र पहिचानको भोट बैंकमा प्रतिस्पर्धा गर्ने, आफ्नो अंश सुरक्षित गर्ने बाहेक यी दलको अरू कुनै ठूलो सोच र सपना देखिंदैन ।

यी सबै घटनाक्रम र परिदृश्यबाट के सिद्ध हुन्छ भने नेपाली समाज, ‘नेपालीय समुदाय’ हरू र नेपाल राष्ट्र आज एक ठूलो विभ्रम अर्थात् ‘द ग्रेट इलुजन’ को अवस्थामा छ । देश निकै ठूलो अन्योल र द्विविधाको दोबाटोमा उभिएको छ । यो महा विभ्रमबाट देशलाई कसरी बाहिर निकाल्ने र भविष्यको यात्रा तय गर्ने ? यो नै अहिलेको सबैभन्दा ठूलो प्रश्न र अहं कार्यभार हो ।

उत्तिकै कठोर यथार्थ के हो भने स्थापित दल र नेतृत्वका आन्तरिक प्रयास र संसद्भित्रको वैधानिक प्रक्रियाबाट यो महा विभ्रमलाई चिर्न सम्भव छैन । यो कुनै पूर्वाग्रहवश निकालिएको आत्मगत निष्कर्ष हैन, वस्तुगत यथार्थको सटिक चित्रण हो । यस्तो ठूलो विभ्रमबाट राष्ट्रलाई मुक्त गर्न उत्तिकै ठूलो इच्छाशक्ति र प्रयत्न चाहिन्छ । भ्रमको सघनता जति बाक्लो हुन्छ, त्यसलाई चिर्ने प्रयत्नको ज्योति उत्तिकै तेजिलो हुनुपर्दछ ।

यो दुश्चक्रबाट राष्ट्रलाई बाहिर निकाल्न यतिखेर एक नयाँ राष्ट्रिय जागरण र बृहत्तर नागरिक आन्दोलन जरूरी छ । ‘नागरिक पहिलो’ को अवधारणामा आधारित भएर, नागरिक हित र कल्याणलाई केन्द्रमा राखेर सबै अवधारणा, प्रावधान, मान्यता र अभ्यासको पूर्वाग्रहरहित विज्ञान र विवेकसम्मत पुनरावलोकन आवश्यक छ । अन्यथा यो राष्ट्रिय अन्योल र द्विविधा अझै कति लामो जान्छ यसै भन्न सकिंदैन । महा विभ्रमको अवधिभित्र यसले पुऱ्याइएका क्षतिको सही मूल्यांकन हुन सक्दैन । अन्योलग्रस्त आँखाहरूले मूल्यांकनका मापदण्ड सजिलै भेट्न र मानक बनाएर मापन गर्न सक्दैनन् ।

कुरा कति हो भने महा विभ्रमको अवधि जति लामो हुनेछ, त्यसले पुऱ्याउने क्षति त्यति नै धेरै हुनेछ । यसबाट मुक्त हुन चुक्ता गर्नुपर्ने मूल्य त्यति नै महँगो हुनेछ । जब हाम्रा आँखा खुल्ने छन् तब लाग्ने छ कि राष्ट्रिय जीवनको एक लामो कालखण्ड खेर गएछ । भविष्यमा त्यस्तो पछुतोलाई स्थान नदिने हो भने आजैबाट सबैले आँखा खोलौं । एक नयाँ राष्ट्रिय जागरण र नागरिक आन्दोलनका लागि आ-आफ्नो ठाउँबाट तयार होऔं । अहिलेका कुनै पनि राजनीतिक शक्ति यो महा विभ्रमलाई चिर्न र राष्ट्रलाई सही दिशामा अघि बढाउन सक्षम छैनन् । बरु नागरिक आन्दोलनभित्रबाटै त्यस्तो नयाँ शक्ति जन्मिने प्रखर सम्भावना रहन्छ, जस्तो कि भारतमा ‘जेपी आन्दोलन’ को समयमा भएको थियो । हुन त यसलाई ‘तेस्रो जनआन्दोलन’ भन्न नसकिने हैन । तर, हाम्रा यसअघिका दुवै जनआन्दोलन निरंकुशता विरुद्ध लोकतन्त्रका आन्दोलन थिए ।

हामीलाई अहिले चाहिएको भने ‘लोकतन्त्रभित्र लोकतान्त्रिक शुद्धीकरण’ को नागरिक आन्दोलन हो, जसको चरित्र सन् १९७० को दशकको भारतको ‘जेपी आन्दोलन’ सँग मिल्दोजुल्दो हुन सक्दछ ।

## चिया टिप्न हातेमेसिन................

किसानलाई यस कुरामा सचेतना तालिम गराउने र आवश्यक अनुदान उपलब्ध गराउने विषयमा राष्ट्रिय चिया तथा कफी विकास बोर्ड संवेदनशील बन्नुपर्ने राईले बताउनुभयो । “बोर्डले किसानलाई सचेतना गराउनुपर्छ, कसरी चिया टिप्नुपर्छ भनेर सिकाउनुपर्छ, किसान ठगिएको छन् कि ? ४० पतिशत मुना भनेको के हो भन्ने कुरा बोर्डले ‘अवार्नेस्’ गर्नुपर्छ”, उहाँले भन्नुभयो । चिया बिक्री नहुनुको कारण उत्पादन गुणस्तरीय नभएर हो । किसानले पाएका दुःखमा समाजसेवी, अभियान्तालगायत सबैले साथ दिनुपर्ने राई बताउनुहुन्छ । सूर्योदय नगरपालिकामा ६२ भन्दा बढी चिया प्रशोधन उद्योग छन् । तीमध्ये सूर्योदय टी एशोसिएसनमा ५२ वटा उद्योग आबद्ध छन् । यहाँ तीन हजार हाराहारी किसानको हरियो चियापत्ती प्रशोधन गरिन्छ । यहाँका उद्योगमा सूर्योदय नगरपालिकाको मात्र होइन माइजोगमाई, रोङलगायतका किसानले उत्पादन गरेको हरियो पत्तीसमेत प्रशोधनका लागि पुग्ने गरेको छ । यहाँको तयारी चिया भारतसहितका तेस्रो मुलुकसम्म पुग्ने गरेको छ ।

नगरपालिकाले किसानलाई हरियो चियापत्तीको मूल्य प्रतिकिलो रु ४० दिने व्यवस्थासहित ‘हरियो चियाको गुणस्तर मापदण्ड कार्यान्वयन कार्यविधि’ पारित गरेको पाँच वर्ष भयो । चिया उद्योगी र किसानसमेतको सहभागितामा कार्यविधि पारित गरिएको थियो । किसानले उद्योगलाई बेच्ने हरियोपत्तीमा अनिवार्य दुई पात एक सुइरोसहित निश्चित गुणस्तर कायम हुनुपर्ने कार्यविधिमा उल्लेख छ ।

कार्यविधिले किसानदेखि हरियो चिया सङ्कलक, उद्योगी, विक्रेतालगायत सबैले चियामा निश्चित गुणस्तर कायम राख्नुपर्ने व्यवस्था गरेको छ । गुणस्तर कायम भए-नभएको अनुगमन नगरपालिकाले नै गर्ने व्यवस्था पनि कार्यविधिमा छ ।

## इच्छा होटल....

उपमहानगरलाई निर्देशन दिएको थियो । आयोगले चालु आर्थिक वर्षको साउन पहिलो साता पठाएको पत्रको जवाफ उमहानगरले उल्टै साउन दोस्रो साता इच्छा होटललाई पत्र पठाएर क्यासिनोले के कति मनोरञ्जन कर बुझाएको छ सो को व्योहोरा ७ दिनभित्र कार्यलयमा जानकारी गराउन अनुरोध गर्‍यो । अख्तियार र उपमहानगरको पत्र लत्याउदै क्यासिनो सञ्चालक वाग्लले स्थानिय तहलाई कुनैपनि कर तिर्नुनपर्ने अडान लिदै आएका छन् ।

## वीरगंजमा.......

प्रधानमन्त्री पुष्पकमल दाहाल (प्रचण्ड) ले सम्बोधन गर्ने कार्यतालिका रहेकोछ ।

प्रेस सेन्टर नेपालको २० औं स्थापना दिवसका अवसरमा माघ १५ गते बिहान ८ बजेदेखि १ बजेसम्म प्रभातफेरीसहित वीरगञ्जको नगर सभा गृहमा स्थापना दिवस तथा पुरस्कार वितरण कार्यक्रम राखिको प्रेस सेन्टर नेपाल महासचिव संतोष पौडेलले जानकारी गराए ।

# अन्तर्राष्ट्रिय खबर

## साउदी अरबमा खुल्दैछ पहिलो मदिरा पसल, के इस्लामिक पहिचान कमजोर होला ?

१४ माघ, काठमाडौं । साउदी अरबले निश्चित गैर मुस्लिम विदेशीलाई मदिरा बिक्री गर्नका लागि राजधानी रियादमा पहिलो पसल खोल्ने भएको छ । योसँगै साउदी अरबमा ७० वर्षमा पहिलोपटक मदिरा बिक्री हुनेछ ।साउदी अरबमा सन् १९५२ देखि मदिरा प्रतिबन्धित छ । राजा अब्दुल अजिजका छोराले रक्सीको नसामा एकजना बेलायती कूटनीतिज्ञको हत्या गरेपछि साउदी सरकारले मदिराको प्रयोग तथा बिक्री वितरणमा प्रतिबन्ध लगाएको थियो ।राजधानी रियादमा खुल्ने यो मदिरा पसलका ग्राहक केवल विदेशी कूटनीतिज्ञहरु मात्र हुनेछन् ।

साउदी अरबमा रहेका विदेशी कूटनीतिज्ञ तथा कूटनीतिक नियोगहरुले आफ्नो प्रयोगका लागि चाहिने मदिरा वर्षौंदेखि सिलबन्दी कूटनीतिक प्याकेट अर्थात् डिप्लोम्याटिक पाउचमार्फत् मदिरा ल्याउने गरेका छन् ।साउदी अधिकारीहरुका अनुसार रियादमा खुल्ने मदिरा पसलले मदिराको अवैध व्यापार रोक्नेछ ।

**के छन् मापदण्ड ?**

राजधानी रियादमा मदिरा पसल खोल्ने योजनासँग जानकारी एक साउदी सरकारी अधिकारीले रोयटर्सलाई बताए अनुसार मदिरा पसल केही हप्तामै खुल्न सक्नेछ । यद्यपि यो मदिरा पसलमा केही मापदण्ड तथा सीमाहरु तोकिएको छ ।मदिराको कोटा प्राप्त गर्ने कूटनीतिज्ञहरुले सुरुमा नाम दर्ता गराउनुपर्नेछ र त्यसपछि साउदी सरकारबाट स्वीकृति प्राप्त हुनेछ ।मदिरा पसलमा २१ वर्षभन्दा कम उमरेका व्यक्तिलाई आउने इजाजत दिइनेछैन र पसलभित्र सधैं उचित पोशाकको आवश्यकता पर्नेछ ।मदिरापान गर्नेले अरु कसैबाट रक्सी मगाउन पाउने छैनन् । अर्थात् कूटनीतिज्ञले आफ्नो नाउँको रक्सी किन्न आफ्नो गाडी चालकलाई पठाउन पाइनेछैन ।

मदिरा खरीद गर्ने मासिक कोटा तोकिनेछ ।यद्यपि एएफपीले प्राप्त गरेको दस्तावेजमा उल्लेख भए अनुसार यी नियमहरु खासै कडा भने हुने छैनन् ।दर्तावाल ग्राहकले प्रति महिना २४० प्वाइन्ट्स मदिरा किन्न पाउनेछन् । यसमा एक लिटर स्पिरिट्सलाई ६ प्वाइन्ट मानिनेछ । यस अनुसार एक लिटर वाइन भनेको तीन प्वाइन्ट्सको हुनेछ । त्यस्तै एक लिटर बियरको एक प्वाइन्ट हुनेछ ।मदिरा पसलबाट सबै विदेशीहरुले रक्सी खरीद गर्ने पाउने हुन् वा केवल कूटनीतिज्ञले मात्र भन्ने खुलाइएको छैन । योसँगै मदिरा रियादको जनजीवनको हिस्सा बन्नेछ ।तथापि रक्सी कहाँ पिउने र पिएपछि कस्तो व्यवहार गर्ने भन्ने मदिरापान गर्नेहरुका लागि निकै महत्वपूर्ण बन्नेछ ।हाल साउदी अरबमा रक्सी पिउनु वा घरमा राख्नु पनि अपराध हुन्छ र त्यसो गर्नेलाई जरिवाना, कैद र सार्वजनिक रुपमा कोर्रा हिर्काइनुका साथै अनधिकृत विदेशीहरुलाई देशनिकाला गर्ने कानून रहेको छ ।मदिरा नीतिसँग सम्बन्धित नयाँ दस्ताबेज अनुसार साउदी प्रशासन नयाँ नियम तर्जुमामा काम गरिरहेको छ । नयाँ नियम अनुसार रक्सीको निश्चित मात्रा लैजाने अनुमति हुनेछ । यसले मदिराको अनियन्त्रित लेनदेनमा रोक लाग्नेछ ।

**जब राजकुमारले बेलायती कूटनीतिज्ञलाई गोली हाने**

वर्षौंदेखि कूटनीतिक कर्मचारीहरुले आफ्नो कूटनीतिक झोलाको अधिकार मार्फत् मदिरा भित्राउने गर्दछन् र प्रयोग गर्दै आएका छन् । यसमा साउदी प्रशासनले कुनै अवरोध गरेको छैन ।साउदी अरबको यो व्यवहारलाई पनि उसको भिजन २०३० को ऐनामा हेरिंदैछ ।साउदी अरबका प्रधानमन्त्री तथा राजकुमार मोहम्मद बिन सलमानले यो दूरदृष्टि अन्तर्गत मुलुकमा विद्यमान कडा नियमहरुलाई उदार बनाइरहेका छन् ।खाडीका अन्य देशहरुमा पनि मदिराका सम्बन्धमा यस्तै नीति रहेका छन् । तर यूएई र कतारमा २१ वर्षमाथिका गैर मुस्लिमहरुलाई होटल, क्लब तथा बारमा रक्सी बेच्ने अनुमति छ ।यद्यपि साउदी अरबले तय गर्ने नयाँ नियममा पनि मदिरा बिक्रीका सम्बन्धमा यूएई र कतारको जस्तै प्रबन्ध हुने नहुने विषयमा केही खुलेको छैन । इस्लाम धर्ममा मदिरालाई हराम भनिन्छ ।सन् १९५२ सम्म मदिराको सम्बन्धमा साउदी अरबले एकप्रकारको सम्झौतावादी दृष्टिकोण अवलम्बन गरेको थियो । सन् १९५१ म राजकुमार मिसारी बिन अब्दुल अजिज अल साउदले जेद्दामा ब्रिटिस कुटनीतिज्ञ सिरिल उस्मानको गोली हानेर हत्या गरे ।एउटा कार्यक्रममा रक्सी दिन अस्वीकार गरेको निहुँमा उनले कूटनीतिज्ञको हत्या गरेका थिए । सो घटनाको एकवर्ष पछि राजा अब्दुल अजिजले देशमा मदिरामाथि पूर्णरुपमा प्रतिबन्ध लगाइदिए । मिसारीलाई हत्याको मामिलामा दोषी ठहर गरिएको थियो ।

**यसअघि दिएको थियो महिलालाई गाडी चलाउने अधिकार**

साउदी अरबमा सन् २०१८ को जुनमा पहिलोपटक १० जना साउदी महिलाले आफ्नो देशमा गाडी चलाउने लाइसेन्स प्राप्त गरेका थिए ।त्यहीँ वर्ष साउदी राजकुमार मोहम्मद बिन सलमानले महिलाहरुमाथि गाडी चलाउनमा लगाइएको प्रतिबन्ध हटाउने ऐतिहासिक फैसला गरेका थिए ।सन् २०१८ को जुनदेखि साउदी अरबमा महिलाहरु सडकमा गाडी कुँदाइरहेका देखिन थालेका थिए ।महिलालाई गाडी चलाउने अधिकार प्रदान गर्ने उक्त कदम रुढीवादी मुलुक साउदीलाई आधुनिकतातर्फ लैजाने राजकुमार मोहम्मद बिन सलमानको उदारीकण अभियान अन्तर्गत लिइएको हो ।यद्यपि उक्त कदमका बावजूत राजकुमार सलमानले आलोचनाको समेत सामना गरिरहनु परेको छ । वास्तवमा जो महिला अधिकारकर्मीहरुले त्यहाँका महिलाहरुलाई गाडी चलाउने अधिकार दिनुपर्ने अभियान चलाएका थिए उनीहरुलाई विदेशी शक्तिसँग सम्बन्ध राखेको आरोप लगाएर साउदी सरकारले पक्राउ गरेको छ ।साउदी अरबमा सन् २०१६-१७ मा भिजन २०३० को घोषणा गरिएको थियो । यो योजनाको मुख्य उद्देश्य साउदी अरबको अर्थव्यवस्थामा तेल निर्यातमाथिको निर्भरता कम गरेर त्यसमा विविधता ल्याउनु रहेको छ ।मुलुकमा अन्य उद्योगहरुको विकास गर्नु, पर्यटन उद्योगलाई बढावा दिनु र निजी उद्योगहरुलाई बढावा दिनु नै भिजन ३०३० को उद्देश्य छ ताकि देशमा अधिक रोजगारी सिर्जना गर्न सकियोस् र सरकारमाथिको यो बोझ कम होस् ।

**के इस्लामिक पहिचानबाट टाढा जाँदैछन् राजकुमार ?**

३८ वर्षका मोहम्मद बिन सलमान साउदी अरबका प्रधानमन्त्री तथा राजकुमार हुन् । उनले पछिल्लो ७ वर्षदेखि मुलुकको नेतृत्व गरिरहेका छन् ।राजकुमार सलमानले आफ्नो नेतृत्वमा साउदी अरबमा यस्ता कैयन् निर्णयहरु गरेका छन् जसका कारण साउदी अरबलाई एक इस्लामिक रुढीवादी मुलुकबाट आधुनिक देश बनाइरहेको भन्दै उनको प्रसंशा समेत भएको छ ।सन् २०१६ मा राजकुमार बिन सलमानले भिजन २०३० को घोषणा गरेका थिए । उक्त दूरदृष्टि अन्तरगत विभिन्न खालका सुधार सुरु गरिएको छ । उनले साउदी अरबलाई खुल्लापनतर्फ लगिरहेका छन् । उनले चलचित्र तथा कन्सर्टहरुमाथिको प्रतिबन्ध पनि हटाएका छन् । यहाँसम्म कि हिपहप कलाकारलाई समेत साउदी अरबमा बोलाइएको छ ।राजकुमारले प्रतिक्रियावादी धर्मगुरुहरुको भूमिका पनि सिमित गरिदिएका छन् । धार्मिक प्रहरीको प्रावधान हटाएका छन् । उनले इजरायलसँगको सम्बन्ध सुधार गर्ने प्रयास समेत गरेका थिए ।अमेरिकी पत्रिका द एटलान्टिकले सन् २०२२ मा एक अन्तरवार्ताका क्रममा के साउदी अरबलाई इस्लामिक पहिचान नै कमजोर बन्नेगरी आधुनिक बनाइँदैछ कि भनेर साउदी राजकुमारलाई सोधेको थियो ।

सिम्रौनगढको पहिलो राष्ट्रिय दैनिक
Shubham Sandesh शुभम सन्देश
National DAILY दैनिक
जि.प्र.का.दर्ता ७८/२०७५/७६

# एकजना फरार प्रतिवादी प्रहरीद्धारा पक्राउ

***शुभम सन्देश,***
***बारा, १४, माघ***



बारा प्रहरीले फरार प्रतिवादीलाई पक्राउ गरेको छ । बारा जिल्ला अदालतबाट चोरी मुद्दामा कैद तथा जरिवाना सजाय भई फरार भएका अभियुक्तलाई प्रहरीले पक्राउ गरेको छ ।पक्राउ पर्नेमा जितपुरसिमरा उपमहानगर पालिका वडा नं. ७ बोडिङ टोल बस्ने ३१ वर्षीय ममताज खान रहेका प्रहरीले जनायो ।

लुकिछिपी बस्दै गरेको अवस्थामा खानलाई पक्राउ गरेको बाराका सूचना अधिकारी प्रवक्ता दधिराम न्यौपानेले बताए ।खानमाथि नकवजनी सम्बन्धि मुद्दामा एक महिना १५ दिन कैद र दुई लाख १६ हजार जरिवाना तोकिएको छ । पक्राउ परेका खानमाथि आवश्यक कानूनी प्रक्रिया अघि बढाइएको प्रहरी बताउँछ ।

# चिया टिप्न हातेमेसिन प्रदान गर्दै सूर्योदय नगरपालिका

इलाम, १४ माघ : गत वर्ष चिया टिप्ने तरिका नमिल्दा सूर्योदय नगर पालिका-१ का जगन्नाथ अधिकार ीले चियाको प्रतिकेजी मूल्य रु ३५ मात्र पाउनुभयो । नगरपालिकाले लागू गरेको चियाको न्यूनतम समर्थन मूल्य रु ४० छ तर चियाको मुना ४० प्रतिशत अनिवार्य हुनुपर्छ । किसानले चिया टिप्दा मुना छुटचाएर नटिप्ने र पात धेरै मिसाएर टिप्ने भएका कारण न्यूनतम समर्थन मूल्य नै पाउन सकेका छैनन् । “चिया टिप्ने हातेमेसिन भएचाहिँ भनेजस्तै हुने थियो, फेरि यसरी टिप्नुपर्छ भनेर तालिम पनि पाएका छैनौं”, अधिकार ीले भन्नुभयो ।सूर्योदय नगरपालिकाले यस वर्ष किसानलाई चिया टिप्न हातेमेसिन वितरण गर्दैछ । उत्पादनलाई गुणस्तरीय बनाउन नगरपालिकाले किसानलाई हातेमेसिन वितरण गर्न लागेको नगर प्रमुख रणबहादुर राईले बताउनुभयो । “यस वर्ष हातेमेसिन ५० प्रतिशत अनुदानमा दिँदैछौं । हामीले जथाभावी चिया टिपेर हाम्रो ब्राण्ड बिगारिरहेका छौँ”, नगरप्रमुख राईले भन्नुभयो, “यसले हाम्रो चियाको भविष्य बिग्रन्छ । चियाको मुना एकातिर र पात एकातिर गरेर बिक्री गर्‍यौं भने गुणस्तरीय चिया उत्पादन हुन्छ, अन्तर्राष्ट्रिय बजारमा राम्रो मूल्यमा बिक्री हुन्छ । तर टिपाइमै समस्या भयो भने यसबाट दीर्घकालीन उपलब्धि हासिल हुन सक्दैन ।किसान समूह, चिया सहकारी संस्था अन्य सहकारी संस्था र सूर्योदय नगरपालिकाको साझेदारीमा किसानले ५० प्रतिशतमा हातेमेसिन प्राप्त गर्न लागेका हुन् । “त्यो मेसिन पट्रोल र डिजेलले होइन ब्याट्रीबाट चल्छ । अन्तर्राष्ट्रिय चिया बजारको मान्यतामा कुनै पनि पेट्रोल र डिजेलले चल्ने मेसिनलाई मान्यता नदिने भएका कारण ब्याट्रीबाट चल्ने मेसिन वितरण गर्न लागेका हौँ”, उहाँले भन्नुभयो । “चियालाई ‘अर्ग्यानिक’ बनाउन पालिका लागिरहेको छ ।”

एउटा व्यापार ीले व्यापार परिवर्तन गर्न जति सजिलो छ, किसानले खेती परिवर्तन गर्न नहुने भन्दै उहाँले चियाको दीर्घकालीन समाधान नभए यहाँका किसानलाई समस्या हुने बताउनुभयो । “व्यापारीलाई कहिल्यै घाटा हुँदैन । उसले आफ्नो व्यापार परिवर्तन गर्न सक्छ । तर किसानले सजिलै चियाखेती परिवर्तन गर्न सक्दैन । ठुलो घाटा भनेको किसानलाई हुने हो । त्यसैले हामी सचेत बनेर गुणस्तरीय चिया टिपौं”, उहाँले भन्नुभयो ।

राम्ररी टिपेको चिया रु ४० देखिमाथि रु दुई सयसम्म पनि बिक्री भइर हेको उहाँको भनाइ छ । “गुणस्तर ीय चिया टिपौं न । चियाको न्यूनतम समर्थन मूल्य रु ४० हो । तर चियाको मुना ४० प्रतिशतचाहिँ हुनुपर्छ ।” उहाँ भन्नुहुन्छ, “चालिस प्रतिशत मुना भएको चियालाई कुनै उद्योगले रु ४० दिएन भने नगरपालिकामा आउनुहोस् हामी दिलाउँछौं ।”

सूर्योदयको मात्र नभई समग्र देशको चियाको टिपाइमा नै सुधार आवश्यकता भएकाले

**बाँकी तेस्रो पृष्ठमा........**

नेपाल सरकार
भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय
भूमी व्यवस्थापन तथा अभिलेख बिभाग

## मालपोत कार्यालय

सिम्रौनगढ, बारा
प्रथम पटक प्रकाशित मिति २०८०/१०/१५

### भु-सेवा केन्द्र सञ्चालन सम्वन्धी सूचना।

भूमि व्यवस्थापन तथा अभिलेख विभाग बबरमहल काठमाण्डौंको च.न. ४११ मिति २०८०।०४।२४ को पत्रानुसार यस कार्यालयमा भू-सेवा केन्द्र तथा संचालन गर्नको लागि मालपोत नियमावली २०३६ २३ (क),(ख) बमोजिम योग्यता पुगेको तथा भू-सेवा केन्द्र संचालन निर्देशिका २०७६ को दफा ७ मा तोकिए बमोजिम पूर्वाधार पूरा भएका ईच्छुक व्यक्ति , संस्था तथा स्थानिय सरकारले अनुमति लिनको लागि मिति २०८०।१०।१५ गतेदेखि २०८०।११।१५ गते सम्म कार्यालय समयसम्म https://public.dolrm.gov.np/ मा अनलाईन मार्फत निवेदन पेश गरी सो निवेदनको Hard Copy सहित सोसँग सम्वन्धित सक्कलै कागजातहरु यस कार्यालयको प्रशासन शाखामा पेश गर्नु हुन सम्वन्धीत सबैमा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**भू-सेवा केन्द्र सञ्चालनको अनुमति किसिम र योग्यता तपसिल बमोजिम हुनेछ**

| व्यक्तिको हकमा | रजिष्ट्र्ड संस्थाको हकमा | स्थानिय तहको हकमा | कानून/लेखापढी व्यवसायीको हकमा | साधारण प्रयोगकर्ताको हकमा |
|---|---|---|---|---|
| (क) नेपाली नागरिकता प्रमाण पत्र प्राप्त गरी १८ वर्ष उमेर पूरा भएको ।<br>(ख) कम्प्यूटर विषय लिई कम्तिमा प्रविणता प्रमाणपत्र तह वा सो सरह उतिर्ण गरेको वा अन्य विषयमा सो सरहको योग्यता भइ कम्प्यूटर सम्वन्धी कम्तिमा ६ महिनाको तालिम प्राप्त गरेको<br>(ग) प्रचलित कानून बमोजिम स्थायी लेखा नं.(PAN) लिएको<br>(घ) भू-सेवा केन्द्र सञ्चालनको लागि यसै सूचनाको दफा ७ बमोजिम भौतिक पूर्वाधार भएको (ङ) नैतिक पतन देखिएको फौज्दारी कसूर वा लिखत सम्वन्धी कुनै कसुर वा लिखत सम्वन्धी कुनै कसूरमा अदालतबाट दोषी प्रमाणित नभएको | (क) प्रचलित कानून बमोजिम सेवा प्रदायक संस्थाको रुपमा दर्ता भएको ।<br>(ख) संस्थामा काम गर्ने जनशक्ति नेपाली नागरिक भई १८ वर्ष पूरा भएको ।<br>(ग) संस्थामा काम गर्ने जनशक्तिको योग्यता कम्प्यूटर विषय लिई कम्तिमा प्रविणता प्रमापत्र तह वा सो सरह उतिर्ण गरेको वा अन्य विषयमा सो सरहको योग्यता भई कम्प्यूटर सम्वन्धी कम्पतिमा ६ महिनाको तालिम प्राप्त गरेको ।<br>(घ) प्रचलित कानून बमोजिम संस्थाको नाममा स्थायी लेखा नम्बर लिएको ।<br>(ङ) कर चुक्ताको प्रमाणपत्र भएको र भू-सेवा केन्द्र संचालन लागि दफा ७ बमोजिमको भौतिक पूर्वाधार भएको | (क) भू-सेवा केन्द्र संचालन गर्ने आवश्यक जनशक्ति र पूर्वाधार भएको | (क) कानून व्यवसायी वा लेखापढी व्यवसायीको प्रमाण पत्र भएको ।<br>(ख) नेपाली नागरिक भएको र प्रचलित कानून बमोजिम स्थायी लेखा नं. (PAN)लिएको<br>(ग) कर चुक्ताको प्रमाण पत्र भएको ।<br>(घ) भू-सेवा केन्द्र संचालनको लागि यसै सूचनाको दफा ७ बमोजिम भौतिक पूर्वाधार भएको | (क) प्रयोगकर्ताको नाममा जग्गाधनी दर्ता प्रमाण पूर्जा भएको ।<br>(ख) आफ्नो नाममा भएको जग्गाको किताहरुको विवरण भू-सूचना अध्यावधिक भएको तर सूचना प्रणालीमा देखिएको विवरण जग्गाधनी दर्ता श्रेस्तामा भएको विवरण फरक परी जग्गाधनी पहिचानमा समस्या देखिएमा जग्गाधीले सम्वन्धीत कार्यालयमा गई डाटा अध्यावधिक गराउनु पर्नेछ । |

**भू-सेवा केन्द्र सञ्चालनको लागि चाहिने पूर्वाधारहरु**

क. Computer
ख. Printer
ग. Backup System
घ. Scanner
ङ. भू-सेवा प्रणालीसँग कम्प्यटिवल हुने Biometric Devine, Web Camera.
च. कम्तिमा २/२ Mbps को Dedicated Internet Connectivity भएको ।

**अनुमति पत्र दस्तुर अवधि तथा नविकरण सम्वन्धी व्यवस्था**

१. सधारण प्रयोगकर्तालें युजर एकाउन्ट खोल्नको लागि सम्वन्धीत कार्यालयमा रु ५००। – अक्षरेपी रु पाँच सय मात्र बुझाउनु पर्नेछ । प्रत्येक १० (दश) वर्षमा नविकरणको लागि रु १००।– एक सय रुपैया दस्तुर बुझाउनु पर्नेछ ।
२. सधारण प्रयोगकर्तालें यूजर एकाउन्ट नविकरण नगरेको अवस्थामा अनलाईन प्रणाली त्यस्ता प्रयोगकर्ताको पहुच स्वतः निष्कृय हुनेछ ।
३. भू-सेवा केन्द्र सम्वन्धी अनुमति पत्र लिन देहाय बमोजिम दस्तुर लाग्नेछ ।
क. अनुमतिको लागि व्यक्तिको हकमा रु ३०००।– अक्षरेपी रु तीन हजार मात्र
ख. संस्थाको हकमा रु ५०००।– अक्षरेपी रु पाँच हजार मात्र
ग. उक्त दस्तुर कोष तथा लेखा नियन्त्रक कार्यालय , श्री राष्ट्रिय वाणिज बैंक लि. कलैया बाराको शाखामा रहेको खाता नं. १२६०१०००१०२०६०००० मा राजस्व शिर्षक १४२२९ कार्यालय कोड नं. ३३६०१२१०१ मा जम्मा गरी सोको बैंक भौचर पेश गर्नु पर्नेछ ।
४. भू-सेवा सञ्चालनको अनुमति लिन चाहिने व्यक्ति वा संस्थाले कोष तथा लेखा नियन्त्रक कार्यालय श्री राष्ट्रिय वाणिज बैंक लि. कलैया बाराको शाखामा रहेको धरौटी खाता नं. १२६०१००१००२०३०००० मा कार्यालय कोड नं. ३३६०१२१०१ मा धरौटी रकम जम्मा गरी सोको बैंक भौचर पेश गर्नु पर्नेछ । बैंक ग्यारेन्टीको हकमा चालु आ.व. वाँकी रहेको अवधिमा १ महिना थप गरी कुल अवधिको देहाय बमोजिमको रकम बराबरको बैंक ग्यारेन्टी पेश गर्नु पर्नेछ ।
क. व्यक्तिको हकमा रु ५०,०००।–अक्षरेपी रु पचास हजार मात्र
ख. संस्थाको हकमा रु २,००,०००।– अक्षरेपी रु दुई लाख मात्र
५.स्थानिय तहको हकमा भू-सेवा केन्द्र अनुमति लिन र नविकरण गर्न कुनै दस्तुर लाग्ने छैन ।
६. भू-सेवा केन्द्र सञ्चालनको अनुमति पत्र अवधि १ आ-व.को हुनेछ तर पहिलो पटक सूचना प्रकाशित भएको हकमा असाढ मसान्तसम्म मात्र हुनेछ ।

बैक तथा वित्तिय संस्था , सहकारी, कर्मचारी सञ्चयकोष, नागरिक लगानीकोष जस्ता संस्थाहरुले धितोवन्धक , रोक्का र फुकुवा प्रयोजनको लागि मात्र प्रधान कार्यालय रहेको कार्यक्षेत्रभित्रको भूमिसुधार तथा मालपोत कार्यालय सिम्रौनगढ बारमा अनलाइन निवेदन पेश गरी अनुमति प्राप्त गर्नु पर्नेछ । प्रधान कार्यालयले यसरी अनुमति प्राप्त गरेपछि आवश्यक्ता अनुसार आ-आफ्नो शाखा कार्यालयहरुलाई यूजर वितरण गर्न सक्नेछ ।

यस सूचना उल्लेख नभएमा अन्य कुराहरु भू-सेवा केन्द्र सञ्चालन निर्देशिका २०७६ बमोजिम हुनेछ ।

सम्पर्क व्यक्तिहरुः- ना.सु. श्री राजेश साह सम्पर्क नं. ९८५५०४८१९४
ना.सु. श्री हेमराज साह सम्पर्क नं. ९९८११८५४२२६
क.अ. श्री रामाकान्त चौधरी सम्पर्क नं. ९८४५२५२०६६/९८०७१७०२०५

----------------
कौशल किशोर झा
कार्यालय प्रमुख

जाडोको समयमा चिसो बाट बचौ।
- जाडो बाट बच्न तातो, पोषिलो तथा झोलिलो खाने कुरा खाऔं।
- न्यानो कपडा लगाऔं।
- घर तथा कोठा न्यानो बनाऔं।
- कोठामा हिटर तथा आगो बाल्दा हावा ओहोरदोहोर हुने सुनिश्चित गरौं।
- बालबालिकालाई तेल मालिस गरिदिऔं।
- बढी चिसोमा मर्निङ्ग वाक नगरौं।
- चिसोमा बाहिर हिड्दा बाक्लो कपडा लगाऔं।
- दैनिक घाम ताप्ने गरौं।
करैयामाई गाउँपालिकाको
कार्यालय ,करैया ,बारा

सत्य तथ्य र निष्पक्ष सामाचारका लागि
शुभम सन्देश राष्ट्रिय दैनिक खोजी
खोजी पढौं ।